नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# सार्वजनिक खरिद अनुगमन कार्यालय

ताहाचल, काठमाडौं, नेपाल

प.सं. ०७४।०७५

च.नं. १४६१

मिति :२०७४/११/१४

विषय :- लागत अनुमानको परिपत्र सम्वन्धमा ।

श्री सबै सार्वजनिक निकाय ।

यस कार्यालयको लागत अनुमानको बारेमा लेखिएको मिति २०७४।०७।१५, च.नं. ८०७ को परिपत्रबाट "कुनै कामको लागि सरकारले/संस्थाले गर्ने खर्च भनेको सम्बन्धित पार्टीलाई गर्ने भुक्तानी, विभिन्न कर रकम र अन्य खर्च समेतको कुल रकमलाई नै जनाउने विषय निर्बिबाद रहेको सन्दर्भमा कतिपय निकायले सीमा रकमको हिसाब गर्दा मूल्य अभिबृद्धि कर, कन्टिन्जेन्सी जस्ता खर्चहरु कट्टा गरि हुन आउने रकमलाई मात्र अधिकतम सीमा मान्ने गरेको विषय कानुनी मनसाय र समग्र खरिद ऐन तथा नियमावलीको मर्म विपरीत हुने भएकोले खरिद बिधिको सीमा रकम गणना गर्दा मुल्य अभिवृद्धि कर, वर्कचार्ट स्टाफ खर्च, सानातिना अन्य खर्च, मूल्य समायोजन कन्टिन्जेन्सी, फिजिकल कन्टिन्जेन्सी र व्यवस्थापन खर्च समेतलाई जोडिएको/गणना भएको रकमलाई मान्नु पर्ने भएकोले सो अनुसार गर्ने गराउने" भनी सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची-१ लाई स्पष्ट पार्ने सम्बन्धमा लेखी पठाइएको व्यहोरा अवगतनै हुनुपर्छ ।

उक्त परिपत्रलाई थप स्पष्ट गर्न यस कार्यालयले पुन: मिति २०७४।१०।१४ मा "लागत अनुमानको परिपत्र सम्वन्धमा" विषयको परिपत्रमा "सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची-१ मा उल्लेख भएको ढाँचामा खरिद विधिको सीमा रकम गणना गर्ने प्रयोजनका लागि सार्वजनिक निकायहरुले लागत अनुमान एकिन गर्न कुनै बाधा नरहेको र कार्यान्वयन गर्न सकिने कुरा स्पष्ट गरिएको छ । उपरोक्त अनुसूची-१ मा लागत अनुमान तयार गरिसकेपछि बजेट व्यवस्थापनको लागि आवश्यकताअनुसार जम्मा लागत अनुमानमा मूल्य समायोजन कन्टिन्जेन्सी वापत १० प्रतिशतले तथा फिजिकल कन्टिन्जेन्सी वापत १० प्रतिशत र मूल्य अभिवृद्धि कर समेत थप गरी लागत अनुमान कायम गर्नुपर्ने पक्ष पनि दृष्टिगत गर्नु हुन यस कार्यालयको मिति २०७४।१०।११ को निर्णयानुसार अनुरोध छ" भनी पठाइएको थियो ।

उक्त परिपत्रहरुमध्ये दोश्रो परिपत्रले उल्लिखित अनुसूची-१ मा भएको लागत अनुमानबारेमा थप स्पष्टता गर्नुको साटो अस्पष्टता थपेको महसुस गरी यो पत्र लेखिएको छ । यस सम्बन्धमा मिति २०७४।१०।१४ को उक्त परिपत्रको आशयलाई सार्वजनिक निकायहरुले कुनै ठोस अर्थ लगाउन नसक्ने कुरालाई दृष्टिगत गरी मिति २०७४।०७।१५, च.नं. ८०७ को परिपत्रलाई नै कायम राखी तत्पश्चात लेखिएको मिति २०७४।१०।१४ को "लागत अनुमानको परिपत्र सम्वन्धमा" विषयको परिपत्र खारेज गरी निष्क्रिय गराइएको हुँदा मिति २०७४।०७।१५ च.नं. ८०७ को परिपत्र बमोजिमको लागत अनुमान कायम गर्न सम्वद्ध सबै सार्वजनिक निकायलाई अनुरोध गरिएको छ ।

सह सचिव

विश्वप्रकाश सुवेदी

(सह-सचिव)

**बोधार्थ:**

श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय

सिहंदरबार, काठमाडौं ।